बैठक संख्या ५१

मिति २०७६/०१/१०

आज मिति २०७६ साल बैसाख १० गते मङ्गलबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठकमा देहाय बमोजिम उपस्थिती रहयो ।

उपस्थितीः

१	नगरप्रमुख	श्री हरिकुमार राना	अध्यक्ष	
२	नगर उपप्रमुख	श्री कमला खतिवडा आचार्य	सदस्य	
३	वडाध्यक्ष	श्री गजाधर खतिवडा	सदस्य	
४	वडाध्यक्ष	श्री रघुनाथ खनाल	सदस्य	
५	वडाध्यक्ष	श्री जीवकुमार भण्डारी	सदस्य	
६	वडाध्यक्ष	श्री दुर्गाप्रसाद दाहाल	सदस्य	
७	वडाध्यक्ष	श्री ध्यानबहादुर भारती	सदस्य	
८	वडाध्यक्ष	श्री लोकनाथ गौतम	सदस्य	
९	वडाध्यक्ष	श्री नवराम ढुङ्गाना	सदस्य	
१०	वडाध्यक्ष	श्री गोपीचन्द्र गौतम	सदस्य	
११	वडाध्यक्ष	श्री पुष्पकुमार प्रसाई	सदस्य	
१२	वडाध्यक्ष	श्री बलदेवसिंह गोम्देन तामाङ्ग	सदस्य	
१३	वडाध्यक्ष	श्री भैरवबहादुर खड्का	सदस्य	
१४	सदस्य	श्री लक्ष्मी तामाङ्ग	सदस्य	
१५	सदस्य	श्री हरिमाया भण्डारी	सदस्य	
१६	सदस्य	श्री शारदाकुमारी भट्टराई	सदस्य	
१७	सदस्य	श्री शकुन्तला बराल	सदस्य	
१८	सदस्य	श्री दिलमाया शिवा	सदस्य	
१९	सदस्य	श्री दिलिप गुरुङ्ग	सदस्य	
२०	सदस्य	श्री खिनमान दास	सदस्य	
२१	सदस्य	श्री रमेशकुमार दर्जी	सदस्य	
२२	प्रमुख प्रशासकीय अधिकृत	श्री पंकज भुर्तेल	सचिव	
२२	आमन्त्रित, अधिकृत सातौं, श्री विजयकुमार शर्मा			
२३	आमन्त्रित, सहायक चौथो, श्री सौजनकटुवाल			

मिति २०७६ साल बैसाख १० गते बसेको नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिम निर्णयहरु गरियो ।

१.आगामी आर्थिक वर्ष २०७६/७७ का लागि यस नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने सन्दर्भमा नगरपालिकाका विषयगत समिति तथा क्रियाशिल राजनैतिक दलहरुको तर्फबाट सुझाव माग गर्ने । साथै आगामी आर्थिक वर्षमा साझेदारीमा कार्यक्रम सञ्चालन इच्छुक उपभोक्ताहरुसँग कार्यक्रम माग गर्ने ।

२.राष्ट्रपति चुरे मधेश तराई विकास समिति अन्तर्गत यस नगरपालिकामा सञ्चालित आयोजनाहरुको प्रगति विवरण र हाल सम्म सम्झौता नभएका आयोजनाहरु सञ्चालनका लागि सम्बन्धित वडा कार्यालयले यथाशिघ्र सम्झैताका लागि प्रमाणित मितिले ३ दिन भित्र पठाउने ।

३.वडा नं ६ स्थित २ नं खानेपानी ट्याङ्की छेउमा रहेको कभर्ड हलको पार्किङ्ग स्थलमा पुरुवा हाल्न भएको खर्च रु १ लाख मात्र भुक्तानी गर्ने ।

४.शनिश्चरे प्राथमिक स्वास्थ्य केन्द्रका लागि स्वास्थ्य संस्था सुदृढिकरण तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत सामाग्री खरिद गर्न रु १० लाख अनुदान प्राप्त हुने भएकामा सो रकमबाट उक्त केन्द्रका लागि भिडियो एक्सरे,सोडियम पोटासियम जाँच गर्ने मेसिन र थाइराइड जाँच गर्ने मेसिन खरिद गर्ने । उक्त सामाग्रीहरु खरिद गर्न उल्लेखित कार्यक्रमबाट विनियोजित रकम रु १० लाख अपुग भएमा बाँकी रकम नगरपालिकाले व्यहोर्ने । साथै प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि रु ५० हजार उपलब्ध गराउने ।

५.वडा नं १ स्थित सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माण गर्नका लागि नमुना बजार व्यवस्थपान समूहको नाममा दर्ता रहेको साविक बुधबारे २ क कि.नं.४०९५ ज.बि.०-५-० जग्गा प्रस्ताव भई आएकोमा उक्त जग्गा प्राप्तिका लागि आवश्यक कारबाही अघि बढाउने ।

६.वडा नं १ स्थित खगेन्द्र फुयलको घर पश्चिम बिरिङ्ग नदिमा तटबन्धन गर्नुपर्ने भएकोमा स्थानिय मजदुर, आसापासका जग्गाधनी, उपभोक्ता एवं अन्य सरोकारवालाबाट गिटी ,बालुवा,श्रमदान उपलब्ध हुने गरी हाललाई परीक्षणका लागि १०० मिटर तटबन्धन गर्न आवश्यक पर्ने रड सिमेण्ट र चुरी बुन्ने कार्यमा लाग्ने प्राविधिक खर्च नगरपालिकाले उपलब्ध गराउने ।

७.वडा नं २ स्थित सहकालेमा खोप केन्द्र निर्माण गर्ने । उक्त क्षेत्रमा विद्युतिकरण गर्नका लागि साविकमा २० थान विद्युत पोल उपलब्ध गराउने निर्णय भएकामा थप २० थान विद्युत पोल तथा विद्युत तार विस्तार गर्ने लाग्ने आवश्यक खर्च सम्बन्धित वडाको आगामी वर्षको दायित्वमा रहने गरी नगरपालिकाले उपलब्ध गराउने । उक्त स्थानमा होम स्टे सञ्चालन गर्न तथा पर्यापर्यटन प्रवर्द्धन गर्न सम्भाव्यता अध्ययन गर्ने ।

८.वडा नं ३ स्थित फाल्गुनन्द चौकबाट दक्षिण जाने सडकमा प्लम्ब निर्माण गर्न सम्बन्धित वडाको आगामी आर्थिक वर्षको दायित्वमा रहने गरी र बाँकी खर्च सम्बन्धित उपभोक्ताले व्यहोर्ने गरी रु ५ लाख विनियोजन गर्ने ।

०१।०१०

हरी कुमार रामा मगर
नगर प्रमुख

९.यस नगरपालिकाबाट सञ्चालन भएको आधारभुत तहको परीक्षामा बढीमा २ विषयमा अनुत्तिर्ण भएका विद्यार्थीहरुका लागि ग्रेड वृद्धिका लागि मौका परीक्षा आगामी बैसाख २६ गतेबाट सञ्चालन गर्ने ।परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने बजेट नगरपालिकाबाट व्यवस्थापन गर्ने ।

१०.यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त शिक्षक पदमा स्थायी पदपूर्ती नहुञ्जेलका लागि करार सेवामा शिक्षक नियुक्ति गर्न स्थानीय स्तरमा रहेका विषयविज्ञहरुलाई सुचिकृत गर्ने , सुचिकृत विज्ञहरुबाट आवश्यक विज्ञ नगर प्रमुख ज्यूले छनौट गर्ने।विषयविज्ञका लागि दैनिक पारिश्रमिक नगर शिक्षा समितिले निर्धारण गर्ने ।

११.नगरपालिकामा आवश्यक कानूनहरुको प्रारम्भिक प्रारुप तयार गर्नका लागि आवश्यक संख्यामा मस्यौदा कार्यदलहरु गठन गर्ने ।समितिमा रहने पदाधिकारीहरु नगर प्रमुखले तोक्ने ।

१२.जग्गा खण्डिकरण नियन्त्रण गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित प्राविधिक समितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने ।प्रतिवेदनबाट प्राप्त सुझावहरु कार्यन्वयनका लागि कारबाही अघि बढाउने ।

१३.Youth Development Centre द्वारा इटहरीमा आयोजित दोश्रो नेपाल बंगलादेश युवा सम्मेलनमा यस नगरपालिकाको तर्फबाट सहभागि हुनु भएका २ जना प्रतिनिधिका लागि सहभागिता शुल्क जनही रु १० हजार मात्र नगरपालिकाले उपलब्ध गराउने।

१४.वडा नं १ बस्ने श्री टिकाप्रसाद पोखरेल समेतको निवेदन अनुसार वडा नं १ का सिँचाईका लागि कल बोरिङ्गका लागि रु ४० हजार मात्र विनियोजन गर्ने ।साथै विर्तामोडमा प्रदर्शन भईरहेको बर्बरिक नाटकका लागि क्षितिज नाट्य समूहलाई ४० हजार मात्र उपलब्ध गराउने ।

१५.यस नगरपालिका भित्रका घरहरुको धुरीकर सङ्कलनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी साविककै दररेट स्वीकृत गर्ने र सङ्कलनका लागि इच्छुकहरुबाट प्रस्ताव आह्वान गर्ने ।

१६.यस नगरपालिका भित्र रहेका विद्यालयहरुमा रहेका शिक्षकहरुको दरबन्दी आवश्यकता अनुरूप मिलान गर्ने।

१७. बिरिङ्ग खोला डिमसी .पश्चिममा रहेको पोखरीको उत्खनन भईरहेको जानकारी प्राप्त भएकामा यस नगरपालिकाबाट उक्त उत्खनन कार्य वातावरणीय दृष्टिकोणले उपयुक्त भए नभएको भनी वातावरणीय प्रभाव मूल्यांकन गर्न भुगर्भ विदबाट प्राप्त प्रतिवेदनले उत्खनन कार्य वातावरणीय दृष्टिकोणले प्रतिकुल हुने र सोका लागि आवश्यक पूर्व सावधानी अपनाउनु पर्ने सुझाव प्राप्त भई आएकोमा सो पोखरी तटबन्धन क्षेत्रबाट ३५ मिटर पर र नदि सतहको गहिराई सम्म मात्र हुने गरी र उत्तर तर्फ २ ठाउमा स्पर सम्बन्धीत कृषि फार्मलाइ बाध्न लगाइ नगर विपद व्यवस्थापन समिति बाट नियमन र अनुगमन गर्ने गराउने गरी स्वीकृति दिने ।साथै अन्य स्थानीय तहलाई नदिजन्य पदार्थ आवश्यक भएमा यस नगरपालिकासँग समन्वय गर्न समेत अनुरोध गर्ने ।

१०/०१/२०७६

हरी कुमार राना मगर
नगर प्रमुख